स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




चलचित्र 'महाराजाधिराज' मा अभिनेत्री वर्षा शिवाकोटी भित्रिएकी छन् । फिल्मको मुख्य भूमिकाको लागि निर्माण युनिटले उनको छनौट गरेको हो । आर्यन सिग्देल, रमेश उप्रेती र पल शाहपछि निर्माण पक्षले वर्षालाई अनुबन्ध गरेको हो । परिच्छेद सेनले निर्देशन गर्न लागेको फिल्मको रिलिज आगामी फूलपाती तोकिएको छ । सेनले यसअघि 'प्रेमगञ्ज' निर्देशन गरेका थिए ।

आजको विचार...



नेपालमा.... (दुई पेजमा)

डा. सिन्धुप्रसाद ढुंगाना



अभिनेता राजेश हमाल ८ वर्षको अन्तरालपछि चलचित्रमा देखिँदै छन् । आफूले सुहाउँदो र अनुकूल भूमिका पाएकै कारण चलचित्र अभिनयमा पुनः फर्किएको अभिनेता हमालले बताए । चलचित्र 'नरसिंहा अवतार' को श्रव्यदृश्य (ट्रेलर) सार्वजनिक गर्दै अभिनेता हमालले विगतका वर्षमा चलचित्रमा अभिनय गर्ने प्रस्ताव आए तापनि चित्त बुझ्दो र सुहाउँदो भूमिका नपाएकाले ठूलो पर्दामा नदेखिएको स्पष्ट गरे । 'मलाई चलचित्रमा काम गर्ने प्रस्ताव धेरै आइरहेका थिएँ ।

❐ वर्ष ३० ❐ अंक २८६ ❐ २०८२ वैशाख २९ गते सोमबार 12 May 2025, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### नीति तथा कार्यक्रम प्रतिनिधिसभाबाट पारित

**पाल्पा,** वैशाख २८/सरकारले ल्याएको नीति तथा कार्यक्रम प्रतिनिधिसभाबाट बहुमतले पारित भएको छ । आइतबार बसेको प्रतिनिधिसभाको बैठकले सरकारले गत वैशाख १९ गते ल्याएको नीति तथा कार्यक्रम पारित गरेको हो । बैठकमा सभामुख देवराज घिमिरेले नीति तथा कार्यक्रम बहुमतले पारित भएको घोषणा गरेका हुन् । राष्ट्रपति रामचन्द्र पौडेलले सरकारको नीति तथा कार्यक्रम सार्वजनिक गरेका थिए । त्यसपछि संसदमा वैशाख २२ गतेदेखि निरन्तर छलफल भएको थियो । आइतबारको बैंठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारको नीति तथा कार्यक्रमका विषयमा सांसदहरूले उठाएका प्रश्नहरूको जवाफ दिएका थिए । उनले सांसदहरूले दिएका सुझावहरू समेटेर आगामी वर्षको बजेट बनाउने उनले प्रतिबद्धता व्यक्त गरे । बैठकमा नीति तथा कार्यक्रममाथि प्राप्त संशोधनलाई निर्णयार्थ प्रस्तुत गरिएको थियो । नीति तथा कार्यक्रममाथि एकल र संयुक्त गरी कूल ३७ वटा संशोधन प्रस्ताव दर्ता भएका थिए । ती सबै अस्वीकार भएका थिए ।

## आज विश्व नर्सिङ दिवस

# नर्सका पीडा उस्तै

रामचन्द्र रायमाझी

**पाल्पा,** वैशाख २८/रातदिन सेवामा खटिने नर्सहरु अस्पतालमा पुगेका बिरामीका लागि भरोसाका केन्द्र हुन् । बिरामीको हेरचाहमा उनीहरुको महत्वपूर्ण भूमिका रहेको छ । औषधि खुवाउने, सुई खोप्ने, बिरामीका हरेक गुनासो सुन्नेदेखि सबै काम नर्सले गर्छन् तर नेपालमा तिनै नर्स विभिन्न बहानामा पीडित छन् । हरेक वर्षको मे १२ तारिखमा नर्सिङ सेवा र नर्सहरुलाई सम्मान गर्ने उद्देश्य लिएर अन्तर्राष्ट्रिय नर्सिङ दिवस मनाउने गरिन्छ । यस वर्षको दिवस आज नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइँदै छ । तर उनीहरुका पीडा कम हुन सकेका छैनन् ।

दया र सेवाकी प्रतिमूर्ति 'फ्लोरेन्स नाइन्टिंगेल' को सेवाभावलाई मानक मान्दै उपचारमा खटिने नेपालका नर्सहरु राज्यले दिने सुविधामा भने कहिल्यै प्राथमिकतामा पर्दैनन् । सरकारी अस्पतालमा थोरै दरबन्दी छ भने निजीमा श्रमको मूल्य नै छैन । नर्सहरुको पहिलो सर्त र स्वभाव भनेको बिरामीको सेवा हो । उनीहरु हरबखत बिरामीको मलिन अनुहारमा खुसी ल्याउन प्रयासरत



रहन्छन् । बिरामीको अनुहारमा देखिने खुसीले उनीहरु प्रफुल्ल हुन्छन् । तर न्यून पारिश्रमिकमा काम गर्नु उनीहरुका लागि ठूलो पीडा हो । एउटा नर्सले अस्पतालमा रातिको समयमा एक्लैले ३० देखि ३५ जनासम्म बिरामीको स्वास्थ्य निगरानी गर्नुपर्ने हुन्छ । अहिले बेड रेसियो अनुसार कोटा निर्धारण गरिएको छैन । त्यस्तै, लामो समयदेखि नयाँ कोटामा दरबन्दी नखुल्दा नर्सहरु निजी अस्पतालमा अति कम शुल्कमा जागिर खान बाध्य छन् । अध्ययन पूरा गरेपछि हरेक तहको अध्ययनमा भोलेन्टियर बनेर काम गर्नुपर्ने पनि नर्सहरुको अर्को पीडा हो । त्यस्तै, कार्यक्षेत्रमा रहँदा पुरुष कामदार र बिरामी कुरुवाहरुको गिद्दे दृष्टिको जोखिम पनि उनीहरुको अर्को पीडा रहेको नर्सहरुको गुनासो छ । १० देखि १२ लाख खर्चेर वर्षौं लगाएर पढेका नर्सले निजी अस्पतालमा अहिले पनि मासिक १०/१२ हजारमा मात्रै काम गर्न बाध्य छन् । स्नातक र स्नातकोत्तर गरेका नर्सहरुले प्रवीणता मात्रै गरेकासँग एकै तहमा काम गर्नुपरेको छ । नर्सिङ पेशा आफैमा गर्व गर्न लायक भए पनि त्यहाँ भित्र थुप्रै पीडाको सामना गर्नु परेको तानसेनको एक अस्पतालमा कार्यरत सरिता बस्यालले बताइन् । उनले भनिन् "पेसाले म एक नर्स हुँ । मलाई आफ्नो यस पेसामाथि गर्व छ तर कहिलेकाहीँ नर्स बनेकोमा पीडाबोध पनि हुन्छ । नर्सिङ एउटा पेसा मात्रै नभई मानवता पनि हो । भावना हो, कर्म हो । धेरै नेपाली बुबाआमाहरुको सपना हुन्छ, आफ्ना छोरीहरूलाई हामीजस्तै नर्स बनाउने , तर नर्स भइसकेपछि भोग्नुपर्ने पीडा कम छैनन् ।" योग्यता अनुसारको पारिश्रमिक पाउन नसकिएको उनको गुनासो छ । उनले भनिन् "ठूलो रकम खर्च गरेर नर्स पढ्यो, जागिर पाइँदैन, जसोतसो गरेर जागिर पाइहाले पनि न्यून तलवमा काम गर्नु परेको हुन्छ ।" निजी अस्पतालहरुमा नर्सहरुले कम तलबमा काम गर्नुपरिरहेको अर्की नर्स मनिषा विष्टले बताइन् । अरु पेसाजस्तै नर्सहरुलाई समेत सेवासुविधामा सुधार गर्नुपर्ने उनको सुझाव छ ।

## उभौली पर्व मनाइँदै





**पाल्पा,** वैशाख २८/प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन मनाउने उभौली पर्व आज देशभर भूमेस्थानमा पूजा आराधना गरी मनाइँदै छ । यो चाड किरात याक्खा, सुनुवार, लिम्बू र राई समुदायले मनाउने गर्दछन् । किरात याक्खा, सुनुवार, लिम्बू र राई समुदायको मागअनुसार सरकारले २०५८ सालमा राष्ट्रिय चाडको रुपमा घोषणा गरेको थियो । यस चाडलाई याक्खाले चासुवा, सुनुवारले फोलस्याँदर, लिम्बुले चासोक तङनाम र राईले साकेला भनेर मनाउँने गर्दछन् ।

यो चाड कृषि कर्ममा आधारित भएर मनाउने गरिएको जानकारहरु बताउँछन् । बैशाख पूर्णिमामा पर्ने उभौलीमा प्रकृति भूमि र पुर्खाको पुजा गरी धुमधामसँग खेतीपाती सुरु गर्ने परम्परा छ । बाली लगाउनुअघि गाउँगाउँमा रहेका भूमेस्थानमा राम्रोसँग काम होस् भनी प्रकृतिको पूजा आराधना गरिने परम्परा रहेको हो । गर्मी बढ्ने भएकाले यो समुदायका मानिस बैंसीबाट लेकतिर उँभो लाग्ने भएकाले पनि यसको नाम उभौली रहेको हो । वैशाख शुक्ल पूर्णिमादेखि चराचुरुङ्गीलगायत जङ्गली जनावर पनि उँभो लाग्ने किराँत समुदायको विश्वास छ । नदीमा माछा पनि गर्मीबाट बच्न बैंसीको नदीबाट लेकतिर लाग्छन् भन्ने भनाइ छ । मार्गशीर्ष शुक्ल पूर्णिमाका दिन बाली भित्र्याएर जाडो छल्न बैंसी झरेका मानिस आजदेखि उँभो लाग्छन् । उँभोको अर्थ खेती पाती राम्रो होस्, धेरै होस्, उन्नति होस् भन्ने पनि रहेको छ । यस पर्वका अवसरमा चण्डी नाच नाचिन्छ । यसै कारण वैशाख शुक्ल पूर्णिमाको दिनलाई चण्डी पूर्णिमा पनि भनिन्छ ।

## आज बुद्ध जयन्ती : बुद्धप्रति आस्था प्रकट गरि मनाइँदै

**पाल्पा,** वैशाख २८/वैशाख शुक्ल पूर्णिमाका दिन आज देशभर २५६९ औं बुद्ध जयन्ती भगवान् बुद्धप्रति आस्था प्रकट गरी मनाइँदैछ । भगवान् विष्णुको नवौं अवतारका रुपमा जन्म लिएका सिद्धार्थ गौतम बुद्धको पूजा आराधना, प्रवचन गरी जयन्ती मनाउन लागिएको हो ।

सिद्धार्थ गौतमले विश्व शान्ति स्थापनाका लागि पुऱ्याएको योगदानको स्मरणस्वरूप यो पर्व मनाउने गरिएको हो । बुद्धको जन्म, ज्ञान प्राप्ति, महापरिनिर्वाण (मुत्यु) वैशाख शुक्ल पूर्णिमाकै तिथिमा परेकाले यस दिन नेपाललगायत विश्वका बौद्ध धर्मावलम्बीले बुद्धप्रति भावपूर्ण श्रद्धा र भक्तिले बुद्ध जयन्ती मनाउने गर्दछन् । लुम्बिनीमा बुद्धजयन्तीलाई वैशाख २८, २९ र ३० गते विशेष उत्सवका रुपमा मनाइँदै छ । लुम्बिनी विकास कोषले बुद्धको जन्म, बोधिज्ञान प्राप्ति र महापरीनिर्वाणको त्रियोग परेको दिन अर्थात् वैशाख पूर्णिमाका दिन विशेष समारोह गर्न लागेको छ ।विशेष समारोहमा लुम्बिनी विकास कोषका अध्यक्ष एवं




संस्कृति, पर्यटन तथा नागरिक उडयनमन्त्री बद्रीप्रसाद पाण्डेसहित सैंघ सरकारका मन्त्रीहरु, लुम्बिनी प्रदेशका प्रदेश प्रमुख, मुख्यमन्त्री, प्रदेश मन्त्रिपरिषद्का सदस्य, कूटनीतिक नियोगका प्रमुख तथा प्रतिनिधिहरु सहभागी हुने जनाइएको छ । वैशाख २८ गते साँझ मायादेवी मन्दिर परिसरमा अहोरात्र महापरित्राण पाठ गरिएको थियो भने वैशाख २९ गते बिहान ६ बजेदेखि भिक्षु-भिक्षुणी, लामा गूरुहरु तथा उपासक उपासिकाहरुको सहभागितामा प्रार्थना सभा, बिहान ७:३० शोभायात्रा हुनेछ । राजा शुद्धोधन र रानी मायादेवीको सुपुत्रका रुपमा जन्मिएका सिद्धार्थ गौतम २९ वर्षको उमेरमा घरबार र दरबार त्यागी ज्ञानको खोजीमा लागेका थिए । छ वर्षको तपस्यापछि ३५ वर्षको उमेरमा इसापूर्व ५२८ मा भारतको बौद्धगयामा वैशाख शुक्ल पूर्णिमाकै दिन सिद्धार्थ गौतमलाई बुद्धत्व प्राप्ति भएपछि भगवान् बुद्धका रुपमा उनले विश्व प्रसिद्धि पाए । ३६ वर्षको उमेरमा सारनाथमा उनले पहिलोपटक पाँचजना शिष्यलाई प्रवचन दिई बौद्ध दर्शनको खोज-अनुसन्धानमा लागेका थिए । बुद्धले बुद्धत्व (ज्ञान) प्राप्त गरेको मुख्य कुरा चार आर्य सत्य रहेको उल्लेख गरिएको छ । जन्म, व्याधि, जरा र मृत्युका चार सत्यलाई बुद्धले व्याख्या गरेका छन् । "भव तृष्णा, विभव तृष्णा र काम तृष्णाका कारणले दुःखको उत्पत्ति हुन्छ, त्यसको निरोधका लागि निर्वाण प्राप्त गर्नुपर्छ, दुःखलाई नाश गर्न तृष्णा क्षय गर्ने आठवटा मार्ग समेत बुद्धले सबैलाई ज्ञान दिएका छन् । यसलाई बुद्धले दिएको आर्य अष्टाकि मार्ग र पञ्चशीलको उपदेश पनि भनिन्छ । आर्य अष्टाङ्गिक मार्गमा सम्यक दृष्टि, सम्यक संकल्प, सम्यक वचन, सम्यक कर्म, सम्यक जीविका, सम्यक व्यायाम, सम्यक स्मृति,सम्यक समाधि पर्दछन् । यसैगरी पञ्चशीलमा चोरी नगर्नु, झुटो नबोल्नु, यौन व्यभिचार नगर्नु, मद्यपान नगर्नु र हिंसा नगर्नु रहेका छन् ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नवजनचेतना

# सम्पादकीय

## विश्व नर्स दिवसको सन्दर्भ

विश्व नर्स दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाईंदै छ । हरेक वर्षको मे १२ तारिखमा यो दिवस मनाउने गरिन्छ । आधुनिक नर्सिङ पेसाको सुरुवात गर्ने फ्लोरेन्स नाइटिङ्गेलको जन्मदिनको अवसर पारेर अन्तर्राष्ट्रिय नर्सिङ काउन्सिल (आईसीएन) को आह्वानमा प्रत्येक वर्ष विश्वभरि नै नर्स दिवस मनाइन्छ । फ्लोरेन्स नाइटिङ्गेल, जसले स्वास्थ्य क्षेत्रमा महत्वपूर्ण सेवा प्रदान गर्नुका साथै निःस्वार्थ भावनाका साथ बिरामीहरूको सेवा गरेकी थिइन् । त्यसैले यस अवसरलाई नर्सिङ क्षेत्रमा आधुनिक र व्यावसायिक नर्सिङ सेवाको नयाँ मोड पनि मानिन्छ । उनले सन् १८६० मा लन्डनको सेन्ट थोमस अस्पतालसँगै नर्सिङ कलेज पनि सञ्चालन गरेकी थिइन् ।

नेपालमा नर्सहरूको पेसागत हकहित र सुरक्षाका लागि भन्दै नेपाल नर्सिङ संघ स्थापना भएपनि नेपालका नर्स अझै न्यूनतम सेवा सुविधाका लागि लड्न बाध्य छन् । नर्सिङको इतिहास नेपालमा खासै पुरानो नभए पनि अहिलेको परिपक्ष्यमा नर्सहरूको महत्व अनि विकास धेरै भइरहेको छ । नर्स बिनाको अस्पतालको परिकल्पना गर्न सकिदैन । तर पनि नर्सिङ पेसा अझै व्यवस्थित हुन सकेको छैन । नर्सलाई न्यूनतम पारिश्रमिक पाउन आन्दोलनमै होमिनुपर्ने बाध्यता छ । बिरामीको सेवामा दिनरात खट्नुपर्ने नर्स पेसाप्रति सन्तुष्ट हुन नसकेपछि अहिले विदेशिन बाध्य छन् । यो नेपालको स्वास्थ्य क्षेत्रका लागि दुखको कुरा हो । भविष्यमा आइपर्ने नर्सिङ जनशक्तिको संकटलाई रोक्न राज्यले समयमै आर्थिक सुरक्षाको प्रत्याभूति दिलाउन ढिला भइसकेको छ । नर्सको नेतृत्व गर्ने संस्था नेपाल नर्सिङ संघका पदाधिकारीहरूले दिवसको 'सेलिब्रेसन' गर्ने मात्र नभई उनीहरूको हकहितका लागि लड्नुपर्ने, नयाँ-नयाँ कार्यविधि तथा कार्ययोजनाहरू बनाई यस पेसामा संलग्न सम्पूर्ण कर्मचारीको हक सुरक्षित गर्नुका साथै भविष्य समेत सुनिश्चित गर्ने कार्यविधिहरू अपनाउनुपर्छ । यसो भयो भने मात्र दिवस मनाउनुले सार्थकता प्राप्त गर्दछ ।

### Opinion @ Social Network

सबैको आ-आफ्नो महत्व हुन्छ तुलना नगर कसैसँग
म तिमी जस्तो तिमी म जस्तो हुन कहिल्य सक्दैनौ।
*(माया गाहाको फेसबुक स्टाटस https://www.facebook.com/Maya.Gaha)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालमा किन लाग्छ डढेलो ?



डा. सिन्धुप्रसाद ढुंगाना

*डढेलो फैलाउने यस्तो इन्धन वनमै किन थुप्रिन्छ त ? यसको अर्थ–राजनीतिक पक्ष विचार गरौं । विगत ३५ वर्षमा नेपालमा वनको खुद क्षेत्रफल बढेको छ तर वनजंगल उपयोगको ढाँचा फेरिएको छ । पैंतीस वर्षअघि नेपालका ९० प्रतिशत घरधुरीले घरायसी इन्धनका रूपमा दाउरा प्रयोग गर्थे । घर बनाउन खाँबा, दलिन, डाँडाभाटा र झ्यालढोकामा काठ नै प्रयोग हुन्थ्यो ।*

नेपालमा डढेलो लाग्ने घटना धेरै चर्चामा रहन्छ। डढेलो मान्छेले लगाएको हो, तिनलाई कडा कारबाही गर्नुपर्छ भनेको सुनिन्छ । मान्छेले लगाएको भए किन हरेक वर्ष डढेलो नलागेर चार-पाँच वर्षमा एक पटक कस्सेर लागेको होला त ? आगो लगाउने नियत भएका मान्छेले किन चार-पाँच वर्ष कुरेका होलान् ? मान्छेले लगाउने हुँदा वर्षातको समयमा डढेलो नलाग्ला। असोजदेखि माघसम्म डढेलो देखिँदैन । फागुनदेखि जेठसम्म मात्रै किन डढेलो लाग्छ त ? आयोजकको ढंग नपुगेर आगोले विशिष्ट पाहुनाहरूको मुख पोल्दा घटनाबाट शिक्षा लिनुको साटो बेलुन बेच्नेलाई कारबाही गर्ने मान्छे हौं हामी। मान्छे कुटेर तह लगाएपछि जुन समस्या पनि समाधान हुन्छ भन्ने हाम्रो सोचाइ छ । मान्छेले पनि डढेलो लगाउँदा हुन् तर मान्छेले वनमा आगो झोस्ने कुरालाई डढेलोको मुख्य कारक वा चालक बनाउनु वस्तुपरक होइन। डढेलोमा रोटी सेक्न खोज्नेहरूको तर्क मात्रै हो । त्यसो भए नेपालमा डढेलो किन लाग्ने गरेको छ ? यसको स्थायी निदान हुन्छ कि हुँदैन ? यसमा कुनै एउटा मन्त्रालय वा विभाग वा त्योसँग सम्बन्धित प्रादेशिक निकाय मात्र जिम्मेवार छन् ? तिनले ध्यान नदिएकाले डढेलो लागेको हो ? कि ध्यान दिनुपर्ने निकायहरूको अकर्मले हो ? तिनलाई सहयोग गर्नुपर्ने निकायले असहयोग गरेर डढेलो लागेको हो कि ? यी प्रश्नहरूमा अर्थराजनीतिक खोजीले मात्रै डढेलोको वास्तविकता थाहा पाउन सकिन्छ ।

डढेलोको भौतिक स्वभाव बुझ्न रकेट विज्ञान चाहिँदैन। तीन पक्षको सम्मिलनले वनमा डढेलो लाग्छ र फैलिन्छ । पहिलो हो अक्सिजन वा हावा । दोस्रो हो वातावरणको तापमान वृद्धि । र, तेस्रो हो इन्धन वा आगोको खाद्य पदार्थ । यी तीन पक्षमध्ये कुनै एक नहुँदा मान्छेले डढेलो लगाउँछु भने पनि लाग्दैन । यी तीन पक्षमध्ये वनमा हावा र तापमान व्यवस्थापन गर्न सकिँदैन । व्यवस्थापन गर्न सकिने भनेको जंगलको इन्धन मात्रै हो । वनजंगलभित्र सुकेका पात, पत्कर, हाँगा, घाँस, झिँजामिजा, सुके, ढलेका रूख सबै आगोका खाद्यवस्तु वा इन्धन हुन् । यही इन्धन वनमा थुप्रिँदा र यसको व्यवस्थापन नहुँदा डढेलो लाग्छ । सुकेका यस्ता वस्तु आगोले निल्न थालेपछि त्यसको तातोले वरपरका हरिया रूखमा पनि पानी सुक्दै जान्छ र त्यो पनि जल्न थाल्छ । डढेलो फैलाउने यस्तो इन्धन वनमै किन थुप्रिन्छ त ? यसको अर्थ-राजनीतिक पक्ष विचार गरौं । विगत ३५ वर्षमा नेपालमा वनको खुद क्षेत्रफल बढेको छ तर वनजंगल उपयोगको ढाँचा फेरिएको छ । पैंतीस वर्षअघि नेपालका ९० प्रतिशत घरधुरीले घरायसी इन्धनका रूपमा दाउरा प्रयोग गर्थे । घर बनाउन खाँबा, दलिन, डाँडाभाटा र झ्यालढोकामा काठ नै प्रयोग हुन्थ्यो । सबै किसिमका घरपालुवा जनावर वनमा चराउने र वनबाट स्याउला-सोत्तर सोहोरेर ल्याउने चलन थियो । मान्छेहरू वनमा झाडी सफा गरेर झिँझामिजा घर ल्याउँथे । हाम्रो अर्थतन्त्रमा परिवर्तन हुँदै जाँदा वनजंगल उपयोगको तरिका पनि बदलिँदै गयो । निर्वाहमुखी पशुपालन र कृषिले काम गर्न छोडेपछि घाँस, दाउरा, स्याउला, सोत्तर, पत्करको प्रयोग घट्यो । चरिचरनका लागि वनको प्रयोग गुणात्मक रूपमा घट्यो । खाना पकाउन एलपिजी (लिक्विफाइड पेट्रोलियम ग्यास) आयात बढ्दै जाँदा दाउराको खपत घट्दै गयो। घर बनाउन सिमेन्ट, इँटा, आलमिनियम, पिभिसी, युपिभिसी, जस्तापाता, फलाम आदि प्रयोग हुन थालेपछि काठको प्रयोग घट्दै गयो । विगतमा इँटाभट्टामा दाउरा प्रयोग हुन्थ्यो, अहिले आयातित पत्थर-कोइला प्रयोग हुन्छ । दाउरा र पशुपालनका लागि वनको प्रयोग घटे पनि काठको प्रयोग घट्ने थिएन होला तर वन व्यवस्थापनको नीतिले घटायो । सामुदायिक वनमाथि वनसम्बन्धी निकायको तथा वनसम्बन्धी निकाय र सामुदायिक वन दुवैमाथि नियामक निकायहरूको अत्यधिक नियन्त्रणले सामुदायिक वा सरकारद्वारा व्यवस्थित वनबाट काठ उत्पादन घट्यो । काठ उत्पादन घटेपछि मूल्यवृद्धि भएर सर्वसाधारणले नेपाली काठ किन्नुभन्दा विदेशबाट आयातित सस्तो काठ किन्ने वा काठको साटो अन्यवस्तु प्रयोग गर्ने उपाय अपनाए । यी सारा कार्यले वनमा अत्यधिक इन्धन थुप्रिन पुग्यो । नेपालमा प्रत्येक चार-पाँच वर्षमा किन ठूलो डढेलो लाग्ने गरेको छ त ? यस प्रश्नमा प्रयोगात्मक अनुसन्धान नभए पनि जमिनमा थुप्रिएको इन्धन एक पटक डढेर खरानी भएपछि त्यति नै इन्धन जम्मा हुन अर्को चार-पाँच वर्ष लाग्दो रहेछ भन्न सकिन्छ । नेपालमा डढेलो लागेपछि आकाशतिर हेरेर पानी गुहार्नुको विकल्प छैन। डढेलो सल्केपछि क्यानडा, अमेरिका, अस्ट्रेलियाले त आगो निभ्न झरी कुर्नुपर्छ नेपालले के गरोस डढेलो कसरी निभाउने भन्ने चिन्ताले पनि खासै अर्थ राख्ने देखिएन। आगो लगाउने मान्छे खोजेर कडा कारबाही गर्ने कुराले पनि डढेलो नियन्त्रण हुने देखिँदैन । हावा र तापक्रम मान्छेको नियन्त्रणमा हुने कुरै भएन। मान्छेले परित्याग गर्दै गएको वनआश्रित र निर्वाहमुखी कृषि तथा पशुपालनमा फर्किने सम्भावना पनि छैन। वनबाट नियमित रूपमा इन्धन हटाउनु नै डढेलो रोकथामको उपाय हो । त्यसो भए वनबाट इन्धन हटाउन के गर्ने त ? यसमा केही उपाय अपनाउन सकिन्छ ।

**वनको दिगो प्रयोगमा उदार नीति** : वन प्रयोग गर्दा वन विनाश हुन्छ भन्ने मनोविज्ञान व्याप्त छ। खासगरी सरकारी निकाय, नियामक निकाय र सञ्चार क्षेत्रमा यस्तो मनोविज्ञान बढी छ। यसले वनसम्बन्धी निर्णयकर्ता र न्याय जगतमा समेत बलियो प्रभाव पारेको देखिन्छ। वन विभागको प्रतीक चिह्नमा 'रूख रोपौं, वन जोगाऔं' भन्ने नारा छ। यसले वन प्रयोगलाई निरूत्साहित गर्ने संकेत गर्छ । त्यसमा रहेको 'जोगाऔं' को अन्तर्निहित अर्थ आगोबाट, रोगकीराबाट, जलवायु परिवर्तनबाट जोगाऔं भन्नेभन्दा बढी मानिसबाट जोगाऔं भन्ने देखिन्छ । यस अवधारणाको उक्त नारा सम्वत् ३० को दशकमा ठिकै थियो होला, अहिले त्यो असान्दर्भिक भइसकेको छ । सामुदायिक वन लगायत समुदायमा आधारित वनहरूमा आज ३० हजारभन्दा बढी वन उपभोक्ता समूह छन् । ती समूहमा करिब एक करोड साठी लाख उपभोक्ता छन्। यी समूह र उपभोक्ताहरूले स्वयंसेवी वन रक्षकको काम गर्छन्। अहिलेको आवश्यकता वनको संरक्षण मात्रै होइन, त्यसको दिगो प्रयोग वा उपयोगको पनि हो । दाउराको प्रयोग ह्वात्तै घटेको छ। पशुपालनको ढाँचा फेरिएको छ । स्याउला र सोत्तर संकलन हुँदैन । यस कारण वनमा थुप्रिएको र सुकेको घाँस, दाउरा, झिँजामिजा, वनमारा सबै सोहोरेर जैविक मल र इँटाभट्टाका लागि पेलेट वा जैविक कोइला उत्पादन गर्न सकिन्छ । आज यी दुवै वस्तुको अत्यधिक माग छ। यसबाट रोजगारी सिर्जना गर्न, आयात प्रतिस्थापन गर्न र कृषि उत्पादकत्व वृद्धि गर्दै डढेलो रोकथाम गर्न सकिन्छ ।

**नेपाली काठ उत्पादन र प्रयोगमा प्रोत्साहन** : वनको दिगो व्यवस्थापन गर्न र वनले दिन सक्ने जति आयतनको काठ निकाल्न सकिएको छैन । तराई, भित्री मधेस र मध्यपहाडका २० लाख हेक्टर सामुदायिक वनको दिगो व्यवस्थापन गर्दा हरेक वर्ष ११ करोड घनफिट काठ उत्पादन गर्न सकिने तथ्य अध्ययनले देखाएको छ । हाल वार्षिक तीन करोड घनफिटभन्दा कम काठ उत्पादन हुने गरेको छ । यसको दुई तिहाइ काठ व्यक्तिको निजी जग्गाबाट आउँछ। काठको उत्पादन र प्रयोग घट्दै जानुमा मुख्य दुइटा कारण देखिन्छ । पहिलो - सरकारी वा सामुदायिक वनबाट हुने काठ उत्पादन, ओसारपसार र प्रशोधनमा अत्यधिक प्रशासनिक र सुरक्षामुखी नियन्त्रण । दोस्रो - नेपाली काठको चर्को खुद्रा मूल्य । यी दुई पक्षमा एउटाले अर्कोलाई परिपूरण गरेको देखिन्छ । काठ उत्पादन, ओसारपसार र प्रशोधनमा अत्यधिक नियन्त्रण हुँदा बजारमा आपूर्ति घटेर मूल्यवृद्धि हुनु स्वाभाविक हुने भयो । सीमित रूपमा उत्पादित काठमा पनि सरकारद्वारा व्यवस्थित वनमा मात्रै होइन, सामुदायिक वनबाट बिक्री गरिने काठको समेत लिलाम बढाबढ गर्नुपर्दा गोलियाको खरिद मूल्य नै अकासिने गरेको छ । त्यसमा राजस्व दरभन्दा धेरै माथिबाट लिलाम बोलकबोल गर्न लगाइन्छ । यसो गर्दा काठको मूल्य स्वतः बढ्न जान्छ । यस्तो समस्याबाट पार पाउन काठ उद्योगी-व्यवसायीलाई राजस्व दरमा गोलिया उपलब्ध गराई बजारका लागि काठको उचित खुद्रा मूल्य तोक्नुपर्छ । सामुदायिक वनमा वास्तविक स्वायत्तता साविकको वन ऐन, २०४९ र हालको वन ऐन, २०७६ ले सामुदायिक वनमा संरक्षण गर्ने, व्यवस्थापन गर्ने, व्यवस्थापनबाट प्राप्त भएको वन-पैदावार उपयोग गर्ने, वन-पैदावारको मूल्य स्वतन्त्र ढंगले निर्धारण गरी बिक्री-वितरण गर्ने, आम्दानी जम्मा गर्ने, समूहको निर्णय अनुसार परिचालन गर्ने लगायतका अधिकार वन उपभोक्ता समूहलाई दिएको छ । यी विषयहरू उपभोक्ता समूहको स्वीकृत कार्ययोजना तथा विधानमा उल्लेख गरिएको हुन्छ । अधिकार भए पनि समूहले वन ऐनअनुसार काम गर्न नपाएको भन्ने गुनासो गर्ने गरेका छन्। वन ऐनले सामुदायिक वन उपभोक्ता समूहको सर्वोच्च निकाय साधारण सभा हुने कल्पना गरेको छ । व्यवहारमा सामुदायिक वनको मात्र होइन, समूहका गतिविधिमा समेत सरकारी निकायको निगरानी र नियन्त्रण हुने गरेको पदाधिकारीहरूको गुनासो छ । उपभोक्ता घरधुरीहरूले पनि समूह वा कार्यसमितिको काम कारबाहीमा चित्त नबुझे साधारण सभा डाक्न लगाउने, कार्यसमितिमा गुनासो राख्नेजस्ता विधि अपनाउनुको साटो सरकारी निकाय, सुरक्षा निकाय वा अन्य नियामक निकायहरूमा उजुरी दिने प्रचलन छ । यस्तो प्रचलनले वन उपभोक्ता समूहमा सुशासनको संस्थागत क्षमता बढ्न दिँदैन, सामुदायिक वन व्यवस्थापनमा असर पर्छ । यसरी पनि वनको व्यवस्थापन तथा प्रयोग घट्दै गएको पाइएको छ । वन उपभोक्ता समूहहरूले असल नियतले सामुदायिक वनको व्यवस्थापन गर्दा र पारदर्शी ढंगले वनको दिगो प्रयोग गर्दा पूर्ण स्वायत्तता पाउँछन् भन्ने प्रत्याभूति गर्नु आवश्यक भएको छ । *-सेतोपाटी डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्सन.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : दाम्पत्यजीवनको लागि सुखमय समय रहेको छ। व्यापार व्यवसायमा लाभ मिल्नेछ। | **तुला**: मित्र वा परिवारको बीचमा रमाइलो संग बित्नेछ। आत्मविश्वासमा वृद्धि हुनेछ। |
| **वृष** : दिन संघर्षमय रहेको छ। नजिकको आफन्तसँग भेटघाटले मन प्रसन्न रहनेछ। | **बृश्चिक** :बनिरहेको कार्यमा बाधा आउनेछ।आफ्नो कुरा राख्दा मैलिकता नभुल्नुहोस्। |
| **मिथुन** : समयलाई मिलाउन सकिनेछ। मनोरञ्जनात्मक कार्यक्रममा संलग्न भइएला। | **धनु** : कार्य बिग्रिएला सचेत रहनुहोस्। आर्थिक पक्ष कमजोर हुनाले मनमा निराशा रहनेछ। |
| **कर्कट** : अधिकार प्राप्तिको संघर्षमा विजय पाइनेछ। विपरीत वर्गप्रति आकर्षण बढ्नेछ। | **मकर**: व्यापार व्यवसाय लाभदायी रहनेछ। ईर्ष्यालु स्वभाव दुःखको कारण बन्न सक्छ। |
| **सिंह**: गृहणीहरू किनमेल गर्दा खर्चमा ध्यान दिनुहोस्। घरायसी कार्यमा समय बित्नेछ। | **कुम्भ** : बिशेष कार्यको जग बसाउने मौका मिल्नेछ। चिताएको कार्य सम्पादन हुनेछ। |
| **कन्या** : सोच राख्नुहोस् सफलता मिल्नेछ । भेटघाट भविष्यको लागि लाभकारी रहनेछ। | **मिन** : नयाँ कार्यको जिम्मेवारी मिल्नेछ। राजनीतिक परिपेक्षमा प्रभाव बढ्नेछ। |

## शिक्षा

# विद्यालयमा ‘इ लर्निङ कक्ष’ सञ्चालन गर्न सहयोग

भोजपुर नगरपालिका-८ पोखरेस्थित सरस्वती आधारभूत विद्यालयमा ‘इलर्निङ कक्ष’ असञ्चालनमा ल्याइएको छ । यसका लागि १० थान कम्प्युटर र आवश्यक उपकरण जडान गरिएको छ । पूर्वअर्थमन्त्री शंकरप्रसाद कोइराला संरक्षक रहेको ईश्वर मन्दिर काठमाडौँ नामक सस्थाले आवश्यक कम्प्युटरसहितका सामग्री विद्यालयलाई सहयोग गरेको थियो । सो सस्थाले यहाँका डेढ दर्जन विद्यालयमा ‘इलर्निङ कक्ष’ का लागि कम्प्युटर, स्मार्ट टिभीलगायत आवश्यक सामग्री सहयोग गरिसकेको छ । किताबी ज्ञानभन्दा पनि समयानुकूल प्राविधिक शिक्षा पनि आवश्यक रहेकाले आफ्नो टिमले सामुदायिक विद्यालयमा इलर्निङ कक्ष स्थापनामा सामग्री सहयोग गर्दै आएको पूर्वअर्थमन्त्री कोइरालाले बताए । उनले यसबाट विद्यार्थी, शिक्षक कर्मचारीले पनि फाइदा लिनुपर्ने बताए ।



ईश्वर मन्दिरका अध्यक्ष प्रमेश केसीले गुणस्तरीय शिक्षाका लागि प्रविधिमैत्री बन्न आवश्यक रहेको र विद्यालयमा संस्थाले इलर्निङ सेन्टर स्थापनाका लागि गरेको सहयोगले सामुदायिक विद्यालयमा अध्ययरत विद्यार्थी पनि प्रविधिमैत्री र सक्षम हुने बताए । इलर्निङ कक्षको दिगो र अधिकतम उपयोग गरेर गुणस्तरीय कम्प्युटर शिक्षा प्रदान गर्ने प्रतिबद्धता विद्यालयले जनाएको छ । ईश्वर मन्दिरका महासचिव सङ्केत कोइरालाले कम्प्युटरको ज्ञान नभई अघि बढ्न नसकिने भएकाले विद्यालयस्तरबाट नै यो अनिवार्य भएको बताए । उनले भने, ‘कपी र पेन्सिलले मात्र प्रविधिको युगमा अगाडि बढ्न नसकिने भएकाले अनलाइन कक्षाका लागि पनि इलर्निङ कक्ष आवश्यक देखिएको छ ।’

*-रासस*

# नेपालीलाई के सिकाउँदैछ चीन ?

चीनको बेइजिङमा विश्व विकास पहल ‘जिडिआइ’ (ग्लोबल डेभलपमेन्ट इनिसिएटिभ) अन्तर्गत ‘आर्थिक र व्यापार सहकार्य तथा विकास‘ सेमिनार सम्पन्न भयो । चिनियाँ वाणिज्य मन्त्रालयले आयोजना गरेको यो सेमिनार बेइजिङको अन्तर्राष्ट्रिय वाणिज्य तथा अर्थशास्त्र विश्व विद्यालय ‘युआइबिई‘ मा अप्रिल २४ देखि मे ७ सम्म चलेको हो । यो सेमिनारमा नेपालका विभिन्न क्षेत्रका १४ जना व्यक्ति सहभागी थिए। अफ्रिकी तथा एसियाली विभिन्न देशका दुई दर्जनभन्दा बढी व्यक्तिहरूलाई विभिन्न क्षेत्रका चिनियाँ प्रोफेसरहरूले महत्वपूर्ण प्रशिक्षण दिए । ‘विकासोन्मुक मुलुकमा औद्योगिक पार्क निर्माण र व्यवस्थापन‘ शीर्षकमा गत अप्रिल ९ देखि २२ सम्म बेइजिङकै अन्तर्राष्ट्रिय वाणिज्य अधिकृतहरूका लागि प्रतिष्ठान ‘एआइबिओ’ मा अर्को सेमिनार सञ्चालन भएको थियो। उक्त सेमिनारमा चितवनको कालिका नगरपालिकाका मेयर विनोद रेग्मी र धादिङको धुनिबेसी नगरपालिकाका मेयर बालकृष्ण आचार्य सहित ६ जना जनप्रतिनिधि सहभागी थिए । यति बेला बेइजिङमा एउटा नेपाली टोली नेपाल फर्किंदा फर्किंदै अर्को टोली प्रशिक्षण लिन आइपुगेको देखिन्छ । दस दिनदेखि तीन सातासम्म चल्ने यस्ता प्रशिक्षणमा चीनले नेपालीलाई के सिकाउँदैछ भन्ने जिज्ञासा हुनु स्वाभाविक हो। अनि ती नेपालीले पाएको प्रशिक्षणलाई कार्यान्वयन गर्छन् कि गर्दैनन् भन्ने प्रश्न पनि उठ्नु पनि अस्वाभाविक होइन । बेइजिङमा प्रशिक्षण लिएका उपन्द्र कार्की आफ्ना लागि सेमिनार निकै लाभदायक रहेको बताउँछन् । नेपालको निजी क्षेत्रको बैंकमा काम गरेर सेवानिवृत्त भई हाल त्रिभुवन विश्व विद्यालयबाट इतिहासमा विद्यावारिधि गरिरहेका कार्की आफ्नो अध्ययन र खोजमा चिनियाँ प्रशिक्षण काम लाग्ने देखेपछि उत्साहित छन् । चीनले लामो समयदेखि आफ्ना सफलताका कथाहरू विदेशीहरूलाई सुनाउँदै आएको छ। चीनले आफ्नो राजनीतिक प्रणाली जस्तै राजनीति अँगाल्न होइन विकासका सफल नमूना चाहिँ स्वीकार गर्न प्रेरित गरिरहेको छ ।




सन् १९७० को दशकको अन्त्यतिर चिनियाँ अर्थतन्त्र कस्तो थियो र अहिले कस्तो बनेको छ भनेर विश्वका थुप्रै नेताहरूले आवफ्नै आँखाले देखेका छन्। विश्वका लागि खुला गरेपछि चीनले उल्लेखनीय गतिमा विकास गर्दै ‘आर्थिक चमत्कार‘ गरेको देखेपछि चिनियाँ अनुभव लिन उनीहरू आफै लालायित नहुने कुरै छैन। १७४६७२२८२६.वउनग्रेटवालमा कालिका नगरपालिकाका मेयर विनोद रेग्मीका साथमा चेतनाथ आचार्य (बायाँ) चीनले सन् १९८१ देखि विभिन्न देशहरूलाई यस प्रकारका तालिम र प्रोत्साहन दिन थालेको हो । सुरूमा चीनले विकासशील देशहरूलाई सहायता र आधारभूत सीप प्रदान गर्ने प्रयासको एक भागको रूपमा संयुक्त राष्ट्र विकास कार्यक्रम ‘युएनडिपी‘ सँग समन्वयमा पहिलो पटक विदेशी सहायताको रूपमा चिनिने प्रशिक्षण कार्यक्रमहरू सुरू गरेको थियो । सन्१९९८ मा उक्त सहयोग व्यवस्थाबाट चीन अलगियो र ग्लोबल साउथका देशहरूका सरकारी अधिकारीहरूलाई सिधै आफ्नै केन्द्रीय रूपमा योजनाबद्ध प्रशिक्षण कार्यक्रमहरू प्रदान गर्न थाल्यो । चीनले सन् १९८१ र २००९ को बीचमा ग्लोबल साउथबाट एक लाख २० हजार प्रशिक्षार्थीलाई तालिम दिएको थियो । जसमा बीस निश्चित क्षेत्रहरूमा चार हजार कार्यक्रमहरू थिए । प्रारम्भिक सफलतासँगै, कार्यक्रमहरू आफ्नो मूल उद्देश्यबाट विस्तार भए र अर्को दशकमा प्रशिक्षार्थीहरूको संख्यामा उल्लेख्य वृद्धि भयो । सन् २०१० र २०१२ बीच एक हजार ९ सय ५१ कार्यक्रमहरूमा ४९ हजार एक सय ४८ प्रशिक्षार्थीलाई चीनले तालिम दियो। सन् २०१३ र २०१८ बीच लगभग ७ हजार कार्यक्रमहरूमा दुई लाखभन्दा बढी प्रशिक्षार्थी सहभागी थिए । ग्लोबल साउथका प्रशिक्षार्थीहरूलाई यस्ता गोष्ठी मार्फत चीनले गरिबी निवारणमा प्राप्त गरेको सफलता, बेल्ट एन्ड रोड इनिसिएटिभ ( बिआरआई), चिनियाँ भौतिक पूर्वाधार विकासको अवस्था, चिनियाँ कृषि प्रणाली, चिनियाँ संस्कृति, चिनियाँ कूटनीति, चीनले व्यापार प्रणाली आदि विषयलाई समेट्ने गरेको छ । चीनले अवलम्बन गरिरहेको कानुन प्रवर्तन, पत्रकारिता, कानुनी मुद्दाहरू, अन्तरिक्ष प्रविधिहरू लगायत अन्य धेरै विषयहरू समेटिएका हुन्छन् । सभाहलमा फरक देशमा प्रशिक्षार्थीहरू भेला गराएर सम्बन्धित विषयका प्रोफेसरहरूले अंग्रेजी भाषामा श्रव्यदृश्य सामग्री सहित कक्षा लिन्छन् । प्रशिक्षण कार्यक्रममा सहभागी द राइजिङ नेपालका प्रधान सम्पादक भीमसेन थपलियाका अनुसार प्रशिक्षक प्रोफेसरहरूले व्यापार युद्धबाट कसैको पनि जित नहुने भन्दै व्याख्या गरेको बताए । चिनियाँ अर्थतन्त्र दरिलो भएकाले जस्तोसुकै प्रतिकूल अवस्था पनि प्रतिवाद गर्न सक्ने अवस्था रहेको प्रोफेसरहरूको भनाइ थियो । यही सिलसिलामा केही दिन अगाडि सी चिनफिङले चोटिलो मन्तव्य दिएका छन्। एक शताब्दीमा नदेखिएका गहन परिवर्तनको परिस्थितिमा ‘नयाँ विकास ढाँचा’ को रणनीति प्रस्तुत गर्दै उनले ‘दोहोरो परिसंचरण’ रणनीति अगाडि सार्ने बताएका थिए । ठूलो मुलुक, बृहत जनसंख्या, विशाल अर्थतन्त्र अनि आर्थिक छलाङका कारण चीन विश्वकै चासो र सिक्न योग्य राष्ट्र हो । यस्तो देशमा हरेक वर्ष सयौं नेपाली बुद्धिजीवी, पत्रकार, कर्मचारी, नेता, सामाजिक अभियन्ताहरू आउँछन् र महत्त्वपूर्ण ज्ञान लिएर जान्छन् । के उनीहरूले यसरी सिकेको उक्त ज्ञानको सानो अंश पनि कार्यान्वयन गर्ने जमर्को गर्छन् ? नभए, चीनले बालुवामा पानी हालेजस्तो गरेको यो लगानीको प्रतिफल के ?

*-सेतोपाटी डटकम*

## रैनादेवी छहरा गाउँपालिकाको अनुरोध

-खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
-श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।

| कृष्णप्रसाद ज्ञवाली | युवराज थापा | रुक्माङ्गत भट्टराई |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

रैनादेवी छहरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छहरा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

## गुल्मी दरबार गाउँपालिकाको अनुरोध

- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं
- कुनै सामान वा बस्तु खरिद (किन्दा) लेवल हेरेर म्याद रहे-नरहेको एकिन गरेर मात्र खरिद गर्ने बानी बसालौं ।
- म्याद गुज्रेका (Date Expiry) सडेगलेका सामाग्रीले हाम्रो स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने भएको हुँदा त्यस्ता सामाग्रीको बिक्री वितरण नगरौं ।

| भेषराज घिमिरे | तारा थापा ढेगा | सरोजकुमार थापा |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

गुल्मी दरबार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गौडाकोट, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
**डिभिजन वन कार्यालय**
तानसेन, पाल्पा

## रूरूक्षेत्र गाउँपालिकाको अनुरोध

➢ स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
➢ अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
➢ आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
➢ आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
➢ व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
➢ आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
➢ जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।

| लक्ष्मण पाण्डे | मीना देवी गौतम | यदु ज्ञवाली |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

रूरूक्षेत्र गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घिउवेंसी, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

# मेलमिलापकर्तालाई पुनर्ताजगी तालिम



पाल्पा (रामपुर), वैशाख २८/जिल्लाको रामपुर नगरपालिकामा मेलमिलापकर्ताहरुको लागि पुनर्ताजगी तालिम सञ्चालन गरिएको छ । नगरपालिका भित्रका सूचीकृत मेलमिलापकर्ताहरुको लागि तीन दिने पुनर्ताजगी तालिम सञ्चालन गरिएको हो ।

तालिमको नगर प्रमुख रमण बहादुर थापाले शुभारम्भ गरेका हुन् । तालिमको शुभारम्भ गर्दै उनले नयाँ नियम कानुन बारे जानकारी नहुँदा विवाद समाधानमा समस्या हुने गरेको बताए । मेलमिलापकर्ताहरु नयाँ जारी भएका नियम कानुनबारे जानकार हुनु पर्ने बताउँदै उनले समुदायका अन्य मानिसलाई समेत सचेत गराउन आग्रह गरे । कानुनी सचेतनाको अभावका कारण समाजमा विवाद सिर्जना हुने गरेको भन्दै नगर प्रमुख थापाले कानुन भन्दा माथि कोही नभएको बताए । विवाद र मुद्दा छलफलको माध्यमबाट समाधान गर्न आवश्यक रहेको उनले औंल्याए । उपप्रमुख तथा न्यायिक समितिका संयोजक बाल कुमारी थापाले शान्त र विवाद रहित नगरपालिका निर्माणका लागि सबै मेलमिलापकर्ताहरुलाई पूर्ण जिम्मेवारका साथ लाग्न आग्रह गरिन् । उनले वडामा हुने विवादका मुद्दालाई न्यायोचित तवरले निरुपण गर्नु पर्नेमा जोड दिइन् । साथै नयाँ जारी भएका नियम कानुन बारे जानकारी गराउन पुनर्ताजगी तालिमको आयोजना गरिएको उनको भनाई छ । उपप्रमुख थापाले नगरपालिकामा जग्गा विवाद सम्बन्धी मुद्दा धेरै आउने गरेको भन्दै स्थानीय सरकार, नापी कार्यालय र विषेश नापी टोलीको जग्गा मापनमा एक रुपता नहुँदा समस्या आएको बताइन् । कार्यक्रममा नगरपालिकाका प्रवक्ता एवं १ का वडा अध्यक्ष कपिलबहादुर खाँणले नगरपालिका भित्र सूचीकृत मेलमिलापकर्ताहरुले सम्पादन गरेको न्याय निरुपण उदहारणीय रहेको भन्दै थप प्रभावकारी कार्यान्वयनमा जोड दिए । उनले न्यायिक समितिमा विवाद बढ्दो रुपमा दर्ता भएको भन्दै समाजमा हुने विवादको मेलमिलाप मार्फत समाधान गर्न आवश्यक रहेको औंल्याए । २ का वडा अध्यक्ष कृष्ण बहादुर दर्जीले मेलमिलापकर्ताहरुको सक्रियताले समग्र वडासँगै नगरपालिकाको न्याय निरुपणको अवस्था राम्रो भएको बताए । उनले कुनै आग्रह पूर्वाग्रह नराखी वडा मै विवादको मेलमिलाप गर्नु पर्ने बताए । यसैगरी न्यायिक समिति सदस्य खेमराज अधिकारीले मेलमिलापकर्ताहरुलाई विभिन्न कानुन र न्याय निरुपण सम्बन्धी जानकारी गराई थप चलायमान बनाउनका लागि तालिमको आयोजना गरिएको बताए । कार्यक्रममा न्यायिक समितिमा आउने समस्याहरू , वादविवाद, मुद्दाहरू लगायतका विषयहरूमा कसरी छलफल गर्ने ?, मेलमिलापकर्ताको भूमिका, न्यायिक समिति, मेलमिलाप समितिको काम, कर्तव्य र अधिकारका विषयमा अधिवक्ता गिता आचार्यले प्रशिक्षण दिएकी थिइन् । मेलमिलापका आधारभूत सिद्धान्त, महत्त्व, पारदर्शिता तथा गोपनीयताको बारेमा प्रस्ट पारिएको तालिममा फिराद लेखन, प्रहरी, प्रकाशन र अदालतको काम लगायत विषयमा समेत उनले जानकारी गराएकी थिइन् । न्यायिक समितिका संयोजक तथा उपप्रमुख बाल कुमारी थापाको अध्यक्षता, समितिका सदस्य खेमराज अधिकारीको स्वागत, सचिवालय सचिव पार्वती परियारको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# प्रेस चौतारी पाल्पाले मनायो २५ औं स्थापना दिवस




पाल्पा, वैशाख २८/प्रेस चौतारी नेपाल पाल्पा शाखाले २५ औं शाखा स्थापना दिवस एवं रजतजयन्ती विविध कार्यक्रम गरी मनाएको छ । शाखाको वि.स. २०५७ बैशाख २७ स्थापना भएको थियो । दिवसको दिन दिप प्रज्ज्वलन तथा शुभकामना आदान-प्रदान कार्यक्रम गरिएको छ ।

कार्यक्रम लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री खेमबहादुर सारुले निर्वाचित जनप्रतिनिधी र स्थानीय सरकारको रुपमा रहेका कर्मचारीहरुलाई जनताप्रति उत्तरदायी, जिम्मेवार, जवाफदेही बनाउन पत्रकार तथा प्रेसको भूमिका महत्वपूर्ण रहेको बताए । पत्रकारहरुले हरेक राजनीतिक दल, जनप्रतिनिधी र सरकारी संघ संस्था तथा कर्मचारीहरुको काम कर्तव्य तथा जिम्मेवारी निर्वाह गरे नगरेका कुरा सत्य तथ्य रुपमा जनता माझ ल्याई लोकतन्त्रलाई बलियो बनाउनुपर्नेमा उनले जोड दिए । स्थानीय स्तरमा रहेका कार्यालयहरुको सेवा प्रवाह तथा शुसासनका विषयमा जिल्लाका पत्रकारहरुका संघ संस्थाहरुले बहस चलाउने, पैरवी गर्ने, सरोकारवाला निकायलाई जिम्मेवार बनाउने जस्ता जनमुखी काम गर्न समेत मन्त्री सारुले जोड दिए । प्रेस चौतारी पाल्पाको सक्रियता दिनहुँ बढ्दो रहेकाले आगामी दिनमा अझै जनमुखी भएर काम गर्न प्रदेशमन्त्री सारुले सुझाव दिए । कार्यक्रममा चौतारी पाल्पाका संस्थापक अध्यक्ष केशवराज नेपालले संस्था स्थापनाकालदेखी हालसम्म चौतारी पाल्पाले गरेका काम आरोह अवरोह तथा चुनौतीहरुका विषयमा चर्चा गरेका थिए । कार्यक्रममा प्रेस चौतारी नेपालका केन्द्रिय सदस्य मिलन विश्वकर्मा, नेकपा एमाले पाल्पाका उपाध्यक्ष विमल काफ्ले, नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेना, प्रेस चौतारी लुम्विनी प्रदेश समितिका सचिव कृष्ण पोखरेल, निवर्तमान जिल्ला अध्यक्ष राजेन्द्र लिगल लगायतले प्रेस चौतारीको भूमिका र गरेका क्रियाकलाप तथा भावी दिनमा गर्नुपर्ने क्रियाकलापका बारेमा चर्चा गरेका थिए । रजतजयन्तीको अवसरमा प्रेस चौतारी पाल्पाले गुणस्तीय शिक्षामा सूचना प्रविधिको प्रयोग विषयक माध्यमिक विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता कार्यक्रम समेत गरेको छ । शाखा अध्यक्ष कृष्ण कार्कीको अध्यक्षता, सचिव दयाराज न्यौपानेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

# आर्मीले जित्यो खुला पुरूष खो-खो उपाधि



काठमाडौं, वैशाख २८/दाङको तुलसीपुरमा आयोजित प्रथम राष्ट्रिय खुला पुरूष प्रतियोगिताको उपाधि नेपाल आर्मी क्लबले जितेको छ । जिल्ला खो-खो संघ दाङले जिल्लामा पहिलो पटक आयोजना गरेको प्रथम खुला पुरूष प्रतियोगिता अन्तर्गत आइतबार बिहान भएको फाइनल खेलमा नेपाल आर्मी क्लबले लुम्बिनी प्रदेशलाई २०-१६ को अन्तरले पछाडि पार्दै उपाधि जितेको हो । उपाधि विजेता आर्मीले नगद ५० हजार पुरस्कार, ट्रफी र प्रमाणपत्र प्राप्त गरेको छ । वैशाख २६ गतेदेखि २८ गतेसम्म तुलसीपुरको अरणिको मैदामा आयोजित प्रतियोगितामा लुम्बिनी प्रदेश उपविजेता बन्यो। उसले २५ हजार पुरस्कार, ट्रफी र प्रमाणपत्र प्राप्त गरेको छ । त्यस्तै सुदूरपश्चिम प्रदेश तृतीय बन्यो । उसले दश हजार पुरस्कार, ट्रफी र प्रमाण पत्र प्राप्त गरेको छ । व्यक्तिगत विधातर्फ दाङ तुलसीपुर घर भएका नेपाल आर्मीका बेदबहादुर वली बेष्ट प्लेयर घोषित हुँदा आर्मी कै बिष्णु थारु बेष्ट अट्याकर घोषित भए । त्यस्तै लुम्बिनी प्रदेशका विकास बिक बेष्ट डिफेन्डर घोषित भए । गत हिउँदमा भारतमा भएको विश्व खो-खो प्रतियोगितामा नेपाली पुरूष टिमलाई उपविजेता बनाउन महत्वपूर्ण भूमिका खेलेको भन्दै तुलसीपुरका बेदबहादुर वलीलाई नगद दश हजार रकमसहित सम्मान गरेको थियो। त्यस्तै सोही प्रतियोगितामा नेपाली महिला टिमपनि उपविजेता बनेको थियो । महिला टिमकी प्रशिक्षक तुलसीपुरकी उषा कुँवरलाई पनि सम्मान गरिएको थियो ।

वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचक घट्यो



पाल्पा, वैशाख २८/सेयर कारोबार मापक नेप्से परिसूचक आइतबार ११ दशमलव ५३ अंकले घटेको छ । अघिल्लो दिनको तुलनामा ० दशमलव ४७ प्रतिशतले घटेर समग्र नेप्से २ हजार ६ सय ४९ दशमलव ११ विन्दुमा ओर्लेर बन्द भएको छ । गत बिहीबार घटेर बन्द भएको नेप्सेले आइतबार पनि सोही प्रवृत्ति पछ्याएको हो । सो दिन कारोबारमा आएकामध्ये ८२ कम्पनीको सेयर मूल्य बढ्यो भने १ सय ६४ वटाको घट्यो ।

आइतबार तीन सय कम्पनीका दुई करोड ४० लाख ११ हजार १४ कित्ता शेयर ८८ हजार ९ सय ५५ पटक खरिद बिक्री हुँदा १० अर्ब २० करोड २७ लाख एक हजार ३ सय ४४ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । विकास बैंक समूह एक दशमलव २७, होटल तथा पर्यटन छ दशमलव ५०, जीवन बिमा शून्य दशमलव ३१, निर्जीवन बिमा शून्य दशमलव शून्य छ र व्यापार समूह शून्य दशमलव २० प्रतिशतले बढेको छभने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव ५१, वित्त तीन दशमलव ७२, जलविद्युत् एक दशमलव २६, लगानी एक दशमलव ५५, उत्पादन तथा प्रशोधन शून्य दशमलव ३९, लघुवित्त शून्य दशमलव शून्य नौ र म्युचुअल फण्ड शून्य दशमलव २८ प्रतिशतको गिरावट देखिएको छ । कारोबारमा नेपाल माइक्रोइन्स्योरेन्स कम्पनी लिमिटेड र क्रेष्ट माइक्रोलाइफ इन्स्योरेन्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी सिन्धु विकास बैंक लिमिटेडको शेयर मूल्य सात दशमलव ४५ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा आज सबैभन्दा बढी राधी विद्युत् कम्पनी लिमिटेडको रू ६६ करोड १० लाख ७० हजार बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा बढी ङादी ग्रुप पावर लिमिटेडको १५ लाख ६१ हजार ८७१ कित्ता शेयर खरिद बिक्री भएको छ ।

सामाजिक सुरक्षा कोषमा सहभागी बनौं

सामाजिक सुरक्षा कोषले सञ्चालन गर्ने योजना अन्तर्गत:
- औषधी उपचार तथा स्वास्थ्य सुरक्षा योजना,
- मातृत्व सुरक्षा योजना
- दुर्घटना सुरक्षा योजना,
- अशक्तता सुरक्षा योजना,
- आश्रित परिवार सुरक्षा योजना,
- वृद्धावस्था सुरक्षा योजना,
- बेरोजगार सहायता योजनामा सहभागी भई लाभान्वित हौऔं।

सामाजिक सुरक्षा कोषमा आवद्धता, आफ्नो र परिवारको भविष्य सुनिश्चितता ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई